संघीय संसद्

# राष्ट्रिय सभा

## पाँचौं अधिवेशन

## बैठक - १८

# सूचना पत्र - २

## (बैठकको कारवाहीको संक्षिप्त विवरण)

**२०७६ फागुन ०८ गते बिहीबार**

संघीय संसद्, राष्ट्रिय सभाको पाँचौं अधिवेशनको **अठारौं** बैठक सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १:०० बजे प्रारम्भ भयो ।

बैठकको प्रारम्भमा प्रतिपक्षी दलका माननीय **जितेन्द्र नारायण देव**ले समय माग गर्नुभएपछि सम्माननीय अध्यक्षले उहाँलाई बोल्न समय उपलब्ध गराउनुभयो ।

माननीय जितेन्द्र नारायण देवले **सेक्यूरिटी प्रिन्टिङ प्रेस**को सम्बन्धमा सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुल बाँस्कोटा र स्वीस कम्पनीका नेपाली एजेन्ट विजय प्रकाश शर्माबीच कमिशनका सम्बन्धमा भएको संवादको अडियो सार्वजनिक भएकोमा आपत्ति प्रकट गर्नुहुँदै निज मन्त्रीलाई तत्काल बरखास्त गर्नुपर्ने, सो सम्बन्धमा छानविन गर्नुपर्ने र प्रधानमन्त्रीले सत्यतथ्य सदनमा आई जानकारी गराउनुपर्ने माग राख्नुहुँदै सदन चल्न नसक्ने बताउनुभयो ।

सम्माननीय अध्यक्षले माननीय सदस्यको माग ध्यानाकर्षण भएको बताउनु हुँदै सदनको नियमित बैठक अगाडि बढाउन आग्रह गर्नुहुँदा समेत प्रतिपक्षीका माननीय सदस्यहरू उठ्नु भएपछि सभाको अर्को बैठक २०७६ साल फागुन १५ गते बिहीबार दिनको १:०० बजे बस्ने गरी दिनको १:१० बजे बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(मनोहरप्रसाद भट्टराई)

संघीय संसदको महासचिव